# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन

## सार्वजनिक चिकित्सा बिमाको बारेमा जानीराखौं

जापानमा, तपाईहरुलाई रोग वा चोटपटक लाग्दाको समयमा निर्धक्क सँग चिकित्सा उपचार प्राप्त गर्नको लागि, 「सार्वजनिक चिकित्सा बिमा」 भन्ने प्रणाली छ । बिमा रकम भुक्तानी गर्नुभएको छैनभने, रेसिडेन्सी कार्ड (जाइरियोकार्ड) नवीकरण गर्दाको समयमा प्रभावित पार्नसक्छ । अवश्य, भुक्तानी गर्नेगरौ ।

यस अंकमा, 「सार्वजनिक चिकित्सा बिमा」 को प्रकार, बच्चा जन्माउँदा वा उपचार गर्दा लागेको महँगोखर्च फिर्ता पाउने, बिमा रकम घटाउने वा छुट गर्नको लागिको प्रक्रियाहरुको बारेमा केहीकुराहरुको व्याख्या गर्नेछौ ।

### सार्वजनिक चिकित्सा बिमाको प्रकार

सार्वजनिक चिकित्सा उपचार बिमा मुख्यत तिनप्रकारका भै, कुनैपनि एउटामा प्रबेश गर्नुपर्ने आवश्यक पर्छ । प्रत्येकमा प्रवेश गर्नको लागि केही सर्तहरु छन ।

#### ① कर्मचारी बीमा

- कामगर्न सुरु गरेपछि, कम्पनिबाट तलब पाउनु हुने व्यक्तिहरुले कर्मचारी बिमामा प्रबेश गर्नुपर्ने हुन्छ । कम्पनिबाट कर्मचारी बिमामा प्रबेश गर्न नमिल्ने व्यक्तिहरुले भने, ② नम्बरको 「राष्ट्रिय स्वास्थ्य बिमा」 मा प्रबेश गर्नुपर्छ ।
- कम्पनीले तपाईंको तर्फबाट कर्मचारी बीमामा प्रबेशगर्नको लागिको प्रक्रिया गर्नेछ ।
- कर्मचारी बीमामा प्रबेश भएका व्यक्तिहरूको जापानमा बस्ने तपाईंको परिवारका सदस्यहरू पनि कर्मचारी बीमामा प्रबेश गर्न सक्नुहुन्छ । मिल्छ कि मिल्दैन तपाईले आफ्नो कम्पनीसँग बुझ्न सक्नुहुन्छ ।
- बिमारकम भने, प्रत्येक महिनाको तलबबाट स्वत रूपमा काटिने छ ।

#### ② राष्ट्रिय स्वास्थ्य बिमा

- ① नम्बरमा प्रबेश गर्नु नभएको 74 बर्ष भन्दा कम उमेरका व्यक्तिहरु भने, राष्ट्रिय स्वास्थ्य बिमामा प्रबेश गर्नुपर्छ ।
- वडा कार्यालयको बिमा तथा पेन्सन बिभागमा रेसिडेन्सी कार्ड (जाइरियोकार्ड), पासपोर्ट र बैंकको क्यासकार्ड साथमा लिएरगई, बिमा दर्ताको प्रक्रिया गर्नुपर्ने हुन्छ ।
- बिमा रकम भुक्तानी गर्नको लागिको राषिद कार्ड प्राप्त गरेपछि, तोकिएको म्याद भित्रमा आफैले रकम भुक्तानी गर्नुहोस । बैंक ट्रान्सफर मार्फत भुक्तानी गर्ने, भुक्तानी गर्नको लागिको राषिदकार्डको प्रयोग गरी कम्बनीएन स्टोर वा वार्ड अफिसमा आदिमा भुक्तानी गर्न पनि सक्नुहुन्छ ।

#### ③ जेष्ठनागरिकहरुको स्वास्थ्य उपचार बिमा प्रणाली

- 75 वर्षभन्दा माथिका बृद्धबृद्धाहरु प्रबेश गर्नुपर्ने हुन्छ ।
- अफुबसोबास गर्नुभएको छेत्रको वडा कार्यालयमा गई निबेदन गर्नसकिन्छ ।

### आफुले तिर्नुपर्ने उपचार खर्चको प्रतिशत

- ① र ② भने उमेर अनुसार फरक हुनसक्छ । आय,आम्दानी धैरै छ भने, तिर्नुपर्ने प्रतिशत पनि फरक हुन सक्छ ।

| | |
|---|---|
| 0 बर्ष देखि 6 बर्षसम्म | 20 प्रतिशत |
| 7 बर्ष देखि 69 बर्षसम्म | 30 प्रतिशत |
| 70वर्ष देखि 74 बर्षसम्म | 20 प्रतिशत |

- ③ नम्बर भने सामान्यतया 10 प्रतिशत वा 20 प्रतिशत भै, आय,आम्दानी धैरैहुने व्यक्तिको भने 30 प्रतिशत हो ।

### बिमा कार्ड प्रयोग गर्ने तरिका

- चोटपटक वा बिरामी भै क्लिनिकमा वा अस्पताल जाँदा, रिसेप्शनमा आफ्नो बीमा कार्ड देखाउनुहोस । तपाईंले आफुले तिर्नुपर्ने उपचार शुल्कमा कम हुनेछ अनि बाँकी रकम बीमाबाट थप हुनेछ । देश भित्रको सबै क्लिनिकमा वा अस्पताल बिमाकार्डको प्रयोग गर्न सकिन्छ ।
- यदि तपाइँ बीमामा प्रबेश गर्नुभएको छैनभने, बीमामा प्रबेश गरेपनि आफुले बीमा कार्ड साथमा ल्याउनुभएको छैन भने, तपाइँले सबै उपचार खर्च आफैले तिर्नुपर्ने हुन्छ ।

बाकीं अर्को पेजमा क्रमस→

**6 वटा भाषाको जनसम्पर्क पत्रिका**

नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt हरु छन। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएको छ ।

## राष्ट्रिय स्वास्थ्य बिमामा ध्यानदिनुपर्ने कुराहरु

| | |
|---|---|
| 1. | स्वास्थ्य बिमाकार्ड प्रयोग गर्ने सकिने म्यादको बारेमा |
| | कार्ड प्रयोग गर्ने सकिने म्याद भने, प्रत्येक बर्षको सेप्टेम्बर महिनाको 30 तारिक सम्म हो । सेप्टेम्बर अन्त्यसम्ममा नयाँ स्वास्थ्य बिमा कार्ड हुलाक मार्फत तपाईहरुलाई पठाइने छ । पुरानो स्वास्थ्य बिमाकार्ड आफैले फ्याँक्ने वा वाडा कार्यालयको काउन्टरमा फिर्ता गर्नुहोस। |
| 2. | स्वास्थ्य बिमा शुल्क भुक्तानी नगरेको खण्डमा |
| | भुक्तानी नभएको बिमा शुल्क बाहेक पनि, 「जरिवाना」 तिर्नुपर्ने हुन्छ । बिमा शुल्क भुक्तान नगर्नु भएको खण्डमा भने जरिवाना थपिदै जानेछ । भुक्तानी गर्न कठिनाई भएका व्यक्तिहरुले भने, चाडैनै वडा कार्यालयमा परामर्श गरौ । |
| 3. | देश फर्किने बेला, सिटि बाहिर बसाई सरि जानेबेलामा |
| | बिमा कार्ड चाँही, वडा कार्यालयको काउन्टरमा फिर्ता गर्नुहोस । स्वास्थ्य बिमा शुल्क रोक्नको लागिको प्रक्रिया गर्नुपर्ने आवश्यक पर्छ । |
| 4. | कम्पनिको कर्मचारी बिमामा प्रबेश गर्दाको बेलामा |
| | कम्पनिबाट नयाँ बिमा कार्ड प्राप्त गरेपछि, राष्ट्रिय स्वास्थ्य बिमा छोड्नको लागिको सूचना 14 दिनभित्रमा वडा कार्यालयमा पेश गर्नुहोस ।<br>कम्पनिको कर्मचारी बिमामा प्रबेश गरेको दिनदेखि, राष्ट्रिय स्वास्थ्य बिमा कार्ड मान्य हुने छैन । |
| 5. | कम्पनिको कर्मचारी बिमा छोड्दाको बेलामा |
| | राष्ट्रिय स्वास्थ्य बिमामा प्रवेश गर्नुपर्ने आवश्यक पर्छ । 14 दिन भित्रमा वडा कार्यालयमा गएर त्यसको लागिको प्रक्रिया गर्नुहोस । |

## सार्वजनिक चिकित्सा बिमा सम्बन्धि बिभिन्न प्रणाली

※ आबेदन गर्ने बेलामा, सर्तहरुको पुष्टी गरौ ।

**बिमा शुल्क भुक्तानी गर्न नसक्नु भएको बेला ： शुल्क घटाउन, छूट हुने प्रणाली**

कुनै कारणवश बीमा शुल्क तिर्न सक्नुभएन भने, तपाईँले वडा कार्यालयमा परामर्श गर्न सक्नुहुन्छ ।

- शुल्क घटाउनको लागिको प्रणाली ： निश्चित मापदण्ड पुरा गरेका व्यक्तिहरु लक्षित छ । कम्पनिको कारणले काम छोड्नुपरेका व्यक्तिहरु पनि निश्चित अवधिसम्ममा, बिमा शुल्क घटाउन सकिने छ ।
- शुल्क छुट हुने प्रणाली ： घटाएको बिमा शुल्क पनि तिर्न कठिनाई भएका व्यक्तिहरु वा, प्रकृतिक बिपतमा परेका व्यक्तिहरु, रोजगारी नभएका व्यक्तिहरु, आय,आम्दानीमा अचानक कमी आई जीवनयापनमा पनि कठिनाई भएका व्यक्तिहरु आदिले आवेदन गर्न सक्नुहुन्छ ।

**बच्चा जन्माउनु भएको बेलामा ： बच्चा जन्माउन र हेरचाहको लागि एकमुष्ठ अनुदान**

- बच्चा जन्माउँदा लाग्ने खर्चको रुपमा, प्रत्येक पटक बच्चा जन्माउँदा सामन्यरुपमा चार लाख बिस हजार येन (2023 अप्रिल महिना पछिदेखि बच्चा जन्माउँदा भने पाँचलाख येन) प्राप्त गर्नुहुनेछ । अस्पतालमा लाग्ने खर्च भुक्तानी गर्नको लागि भने बच्चा जन्माउन र हेरचाहको लागि एकमुष्ठ अनुदान प्रणाली मार्फत सिधै भुक्तानी गर्न चाहनुहुने व्यक्तिहरुले चाँही, अस्पतालमा आवेदन गर्नुपर्छ । राष्ट्रिय स्वास्थ्य बिमाको लागि, जन्मदर्ता सँगै वडा कार्यालयको बीमा तथा पेन्सन बिभागमा आवेदन दिनुहोस ।
- राष्ट्रिय स्वास्थ्य बिमामा प्रबेश गरेका बिदेशीनागरिकहरुले पनि, आफ्नो देशमा बच्चा जन्माउनु भयोभने पनि बच्चा जन्माउन र हेरचाहको लागि एकमुष्ठ अनुदान रकम प्राप्त गर्न सक्नुहुन्छ । बच्चा जन्मनु भन्दा अगाडी, वार्ड कार्यालयको बीमा तथा पेन्सन बिभागको काउन्टरमा परामर्श गरौ । कम्पनिको कर्मचारी बिमामा प्रबेश गर्नुभएको व्यक्तिले भने, आफ्नो कम्पनिमा पुष्टी गर्नुहोस ।
- साथै, कर्मचारी बिमामा प्रबेशगरेका व्यक्तिहरुले, बच्चा जन्माउनको लागि कामबाट विश्राम लिएको बेलामा, बच्चा जन्मदा भत्ता प्राप्त गर्नसकिने छ ।

**बालबालिकालाई क्लिनिक वा अस्पतालमा लैजाने बेलामा ： बालबालिका चिकित्सा उपचार अनुदान प्रणाली**

- बालबालिका चिकित्सा उपचार अनुदान प्रणालीको लागि आबेदन गरेमा, 0 बर्षदेखि 6 वर्ष सम्ममा उपचार खर्च निशुल्क हुनेछ । प्राथमिक बिधालयको एककक्षा देखि माध्यामिक बिधालयको 9 कक्षा सम्मका बालबालिकालाई भने, पहिलोपटकको उपचारको लागि पाँचसय येन तिरेपछि, उपचार खर्च निःशुल्क हुनेछ ।

**चोटपटक वा रोग लागि कामबाट बिदामा बसेको बेलामा ： बिरामी भत्ता**

- कर्मचारी बिमामा दर्ताहुनु भएका व्यक्तिहरुलाई चोटपटक वा रोग लागि काम गर्न नसक्ने भै, बिदामा बसेको समयको तलब कम्पनिले नदिन पनि सक्छ, यस्तोबेलामा भत्ता प्राप्त गर्नुहुनेछ ।
- सामान्यतया भत्ता चाँही, कम्पनिबाट लगातार तिनदिन बिदामा बसि, चारदिन पछिबाट पनि बिदामा बसेको दिन बाट हिसाब गरि भत्ता प्रदान गरिन्छ । अधिकतम बिदा समय भनेको एक वर्ष छ महिना हो ।

**चिकित्सा शुल्क महँगो भएको बेलामा ： महँगो चिकित्सा शुल्क कम गर्ने प्रणाली**

- चिकित्सा सस्थान वा औषधि पसलको काउन्टरमा तिरेको चिकित्सा शुल्क एक महिनामा निश्चित रकम भन्दा महँगो भएको बेलामा, बढी भएको भागको पैसा फिर्ता पाउने पनि हुन्छ । कति पैसा तिरेमा बढी भएको पैसा फिर्ता पाइने हो यो भने, उमेर वा आयकर अनुसार परिवर्तन हुन्छ ।

**मृत्यु भएको बेलामा ： अन्त्येष्टि खर्च**

- सार्वजनिक चिकित्सा बिमामा प्रवेश गरेको व्यक्तिको मृत्यु भएमा, पचास हजार येन अन्त्येष्टि खर्चको रुपमा प्राप्त गर्नसकिन्छ ।

## परामर्श गर्न चाहनुहुन्छ भने

राष्ट्रिय स्वास्थ्य बिमाको बारेमा थाहा नभएको कुराभएमा, वडा कार्यालयको बिमा तथा पेन्सन बिभागमा परामर्श गर्न सकिन्छ । कर्मचारी बिमाको बारेमा भने, कम्पनीको प्रतिनिधि व्यक्तिसँग सोधौं । जापानिज भाषामा परामर्श लिन कठिनाई हुने व्यक्तिहरुले भने सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रको 「दोभाषे सहायता फोन」 (022-224-1919) को उपयोग गर्नुहोला । भाषाको मद्दत गर्नेछौ ।

## जानकारी

① **दैनिक जीवनयापनमा अफ्ट्यारो परेको बेलामा,『सेन्दाईमा सहज जीवनयापनको लागिको सहयोगी पुस्तिका』 को उपयोग गर्नुहोस ।**

『सेन्दाईमा सहज जीवनयापनको लागिको सहयोगी पुस्तिका』 चाँही, सेन्दाईमा बसोबास गर्नुहुने बिदेशीनागरिकहरुको लागि, दैनिक जीवनयापनमा उपयोगी जानकारी समेटर तयार गरिएको एउटा पुस्तिका हो ।
सार्वजनिक हित समावेशी फाउन्डेसन सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ द्वारा बहुभाषामा तयार, सम्पादन गरि, सेन्दाई सिटि द्वारा प्रकाशित गर्छ ।
उपलब्ध हुने भाषाहरु भने, जापानीज, अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, युक्रेनी र रसियन हो ।

तलको URL बाट पढ्न सक्नुहुन्छ ।
https://int.sentia-sendai.jp/foreigner/

अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली भाषाहरु (प्रत्येक जापानीज भाषा सँगै लेखिएको) को पुस्तिका चाँही, बहुसांस्कृतिक समाज केन्द्रबाट वितरण गरिन्छ ।
प्रक्रिया गर्ने बारेमा बुझ्नुभएन वा जानकारीहरु चाहिएको बेलामा भने, अवश्य उपयोग गर्नुहोला ।

② **विदेशीनागरिक सहयोगको लागिको OASIS ले भने, परामर्श सेवा र सँगै गई भाषाको सहयोग गर्ने स्वयंसेवकहरू प्रदान गर्दछ ।**

विदेशीनागरिक सहयोगको लागिको OASIS चाँही, सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रमा आधारित सक्रिय रहेको संस्था हो ।
काउन्टरमा दिईने परामर्श बाहेक पनि, प्रशासकीय र शैक्षिक संस्थाहरु, चालक अनुमति सेन्टरमा गएर दोभाषेको सहायता गर्ने 「सँगै गई भाषाको सहयोग गर्ने स्वयंसेवकहरू」 पनि उपलब्ध गराउँछौं । उपलब्ध भाषाहरू जापानीज, अंग्रेजी र चाइनिज हो ।

जापानीज भाषामा कुराकानी गर्न समस्या भएको बेलामा वा सेन्दाईको दैनिक जीवनयापनमा अभ्यस्त भैनसक्नु भएको समयमा पनि, अवश्य उपयोग गर्नुहोस ।
यसको लागि बुकिंग गर्न आवश्यक पर्छ । बिस्तृत जानकारीको लागि वेबसाइटमा हेर्नुहोस वा हामीलाई सिधै फोन गर्नुहोस ।

https://int.sentia-sendai.jp/n/exchange/counter.html

## परामर्श कर्मी कर्नर 「सार्वजनिक चिकित्सा बिमाको बारेमा विचार गर्नुपर्ने कुरा」

**यस कर्नरमा भने, हरेक अंकको बिषय अनुसार, परामर्शकर्मिको अनुभव वा विचारलाई प्रस्तुत गरिन्छ ।**

जब मैले जागिर परिवर्तन गरे तब, मलाई सार्वजनिक चिकित्सा बिमा दर्ता प्रक्रियाको महत्वको बारेमा महसुस भयो । यदि अघिल्लो कम्पनीमा काम छोड्दा र अब जाने अर्को कम्पनीमा काम सुरुहुने दिन बीचमा कुनै खाली समय हुदैन । उदहारणको लागि, मार्च महिनाको 31 तारिक सम्ममा A कम्पनीमा काम गरिरहेको र त्यहाँ छोडी अर्कोदिन तुरुन्तै अप्रिल महिनाको 1 तारिक बाट B कम्पनिमा काम गर्न जाने भएमा, A कम्पनि छोडेर गाएपछि B कम्पनिको कर्मचारी बिमामा प्रबेश गर्नुपर्छ । यद्यपि, यदि नयाँ जागिर नखोजीकन नै A कम्पनि छाड्नुपर्ने भएको खण्डमा भने, A कम्पनि छोडेको तुरुन्तै राष्ट्रिय स्वास्थ्य बीमामा प्रवेश गर्नुपर्ने आवश्यक पर्नेछ । त्यसको लागिपनि आफु बसोबास गर्ने सिटीको वडाकार्यालयमा गएर बिमाको प्रक्रिया गर्नुपर्ने हुन्छ । त्यतिबेला राष्ट्रिय स्वास्थ्य बीमाको बिमा शुल्क बताउनेछन । यदि महिनाको बीचमा राष्ट्रिय स्वास्थ्य बीमा छोड्नुपर्ने भयो भने, त्यो महिनाको बीमा शुल्क पनि तिर्नुपर्ने हुनाले ध्यान पुरयाऊ। उदाहरणको लागि, मार्च महिनाको 20 तारिकमा A कम्पनिमा काम छोडी, मार्च महिनाको 21 तारिकदेखि बेरोजगार हुनुभयो भने, तपाईंले मार्च महिनाको पनि बीमा शुल्क भुक्तानी गर्नुपर्ने हुन्छ ।

तर, केही सर्तहरू छन, आफुले छोडेको A कम्पनिको कर्मचारी बीमा जारी राखीरहेका व्यक्तिहरुका लागि " वैकल्पिक निरन्तरता " भनिने प्रणाली पनि छ । A कम्पनिको स्वास्थ्य बीमा संस्थासँग सोधपुछ गर्ने र वैकल्पिक निरन्तरताको लागिको बिमा शुल्क सोधी, वैकल्पिक निरन्तरता र राष्ट्रिय स्वास्थ्य बीमाको लागिको बिमा शुल्क तुलना गरि, दुईवटामा कुनचाँहीमा प्रबेश गर्ने हो त्यो निर्णय लिन सकिनेछ ।
साथै, कर्मचारी संख्या 101 भन्दा बढी भएको कम्पनीहरूमा, पार्टटाइम काम गर्ने कामदारहरूलाई पनि कम्पनीको कर्मचारी बीमामा प्रबेश गर्न सकिने प्रावधान छन । कर्मचारी बीमामा प्रबेश गर्नको लागि केही सर्तहरूको बारेमा कम्पनीसँग सोधी पुष्टी गरौ ।
कहिले बिरामी वा घाइते हुन्छौं योकुरा हामी कसैलाई पनि थाहा हुँदैन । जागिर खोज्दा वा जागिर परिवर्तन गर्दा, नबिर्सीकन बिमाको प्रक्रियाहरू गर्न महत्वपूर्ण हुन्छ ।

(परामर्श कर्मी K)

※ यस अंकको नेपाली संस्करणमा चाँही, जापानिज संस्करण को नेपाली संस्करण समावेश गरिएको छ ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

せんだいたぶんかきょうせい
## 仙台多文化共生センター

खुल्ने समय　प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक)

ठेगाना　〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला




फोन　(022) 265-2471

फ्याक्स　(022) 265-2472

इमेल　tabunka@sentia-sendai.jp

युआरएल　https://int.sentia-sendai.jp/n/exchange/

■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

उपलब्ध भाषाहरु： अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली, युक्रेनी भाषाहरु

■ त्यस बाहेका अन्य सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष, जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकहरुका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएका छौं ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ । एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।



https://int.sentia-sendai.jp/n/exchange/consultation.html

प्रशासनिक लेखनदास　वकिल　श्रम मन्त्रालय　अध्यागमन बिभाग (इमिग्रेशन)　कर लेखनदास

सम्पादन•प्रकाशन ： सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन(SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

मार्च 2023 मा प्रकाशित